आज मिति २०७३ साल कार्तिक ११ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

२. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द

३. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

४ सामाजिक विकास शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने द

५. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

६ आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

७. खरिद तथा जिन्सी व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

८ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

९. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द

१०. ने.न.क.ए. इकाई समिति रत्ननगरका प्रतिनिधी- उपाध्यक्ष श्री शंकर गिरी द

**निर्णयः**

**निर्णय नं. १:** यस न. पा. को आ. व. २०७३।०७४ को प्रथम, द्धितिय र तृतिय चौमासिक अवधिको एकमुष्ट (तीन पटक) रु. १,३०,०००।- (एकलाख तीस हजार मात्र) मा नबढ्ने गरी नियमित सार्वजनिक सुनुवाई कार्यका लागि सूचिकृत रहेको परामर्श सेवा प्रदायक संस्था हिट्स मिडिया एडभरटाईटिङ्ग प्रा. लि., रत्ननगर १, बकुलहरलाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** यस न. पा. को आ. व. २०७३।०७४ को यूवा तथा खेलकुद विकास शिर्षकबाट व्यय हुने गरी पिठुवा स्पोर्टस क्लव, रत्ननगर १६ लाई जिल्लास्तरिय व्याडमिन्टन प्रतियोगिता संचालनका लागि रु. २०,०००।- (बीस हजार मात्र) उपलव्ध गराई न. पा. को तर्फबाट लागत सहभागिता जनाउने निर्णय गरियो ।

**निर्णय नं. ३:** यस रत्ननगर न. पा. को आ. व. ०७३।०७४ को लागि जिल्ला दररेट निर्धारण समितिबाट स्वीकृत दररेट तथा नेपाल सरकारबाट स्वीकृत निर्माण कार्यको नर्म अनुसार तयार गरेको निर्माण कार्यको दररेट विश्लेषण निर्धारण भएको निर्माण कार्यको दररेटलाई स्वीकृत गरी आ. व. ०७३।०७४ का लागि लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** यस रत्ननगर न. पा. को आ. व. २०७२।०७३ को वार्षिक प्रगति समिक्षा बैठक (मिति २०७३।०६।१७) बाट सुझावका सम्बन्धमा छलफल गरियो साथै सुझावहरु आगामी दिनहरुमा क्रमशः कार्यान्वयन गर्दै जाने नितिगत निर्णय गरियो ।